# के सुसमाचारलाई नसुनि मर्नु चाहिँ दोषी हो ?

Notes by Franklin

प्रश्न एक चोटि सोधिएको थियो : परमेश्वरले कसरी हाम्रो पुर्खाहरुलाई वा ससाना बच्चाहरु जसले सुसमाचारलाई सुन्ने मौका पाएका छौनन् र जसले येशूलाई स्वीकार्ने कुनै मौका पाएका छनन्, के उनीहरु स्वर्ग जानेछन् ?

यो निकै नै अप्ठायारो प्रश्न हो र यसलाई विभिन्न तरिकाहरुद्धारा विभिन्न धर्मशास्त्रिय सिद्धान्तहरुमा रहेर उत्तर दिइएको छ । मेरो उत्तर यहाँ छ ।

क. परमप्रभु परमेश्वरले **उहाँको परिवारलाई** यस संसारको जग बसाल्नु भन्दा पहिले नै **चुन्नुभएको** छ र उनीहरुको नामहरु "जिवनको पुस्तकमा लेखिएको छ ।"

एफिसी १:३–६ हाम्रा प्रभु येशू ख्रीष्टमका परमेश्वेर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्व र्गीय स्थासनहरूमा हरेक आत्मिक आशिषले ख्रीष्टामा आशीर्वाद दिनुभएको छ। ४ उहाँको सामुन्नेआ पवित्र र निष्कीलङ्क होऔं भनेर **संसारको उत्प्तिभन्दा०ा अघिबाटै उहाँले हामीलाई चुन्नुउभयो**। उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्टक येशूद्वारा प्रेममा उहाँले **हामीलाई** आफ्ना सन्तानन हुनलाई **अघिबाटै** नियुक्त गर्नुभएको थियो, ५ यस हेतुले कि उहाँले हामीलाई आफ्नाश **प्रिय पुत्रमा** सित्तैँमा दिनुभएको आफ्नो् महिमामय अनुग्रहको प्रशंसा होस्।

फिलिप्पी ४:३ . . . यिनीहरूले मेरो साथसाथै सुसमाचारको काममा क्लोमेससँग र मेरा अरू बाँकी **सहकर्मीहरू**सँग परिश्रम गरेका छन्, **जसका नाउँ जीवनको पुस्तीकमा छन्**।

लूका १०:२० तापनि दुष्टागत्मा हरू तिमीहरूको वशमा छन् भनेर रमाउने होइन, तर **तिमीहरूका नाउँ स्वार्गमा लेखिएका छन् भनेर नै रमाओ**।"

प्रकाश ३:५ जसले **जित्छ,** त्य सलाई यसरी सेता वस्त्रम पहिराइन्छा, र म **त्यसको नाउँ जीवनको पुस्तकबाट मेटिदिनेछैनँ।** म त्यससको नाउँ मेरा पिताको सामुन्ने र उहाँका दूतहरूका सामुन्ने स्वीकार गर्नेछु।

- हिब्रु ९:१२ अनन्त छुटकारा/ ५:९ अनन्त मुक्ति/९:१५ अनन्त अधिकार
- जब कुनै व्यक्ति परमेश्वरमा जन्मन्छ उ मात्र विजयी हुन्छ (१ यूहन्ना ५:४) र उसको नाम जीवनको पुस्तकबाट कहिल्यै मेटिदैन ।
- परमेश्वरबाट जन्मनु (गेन–जाह्–ओ) बच्चा जन्माउनु (ठिक सँग, पिताबाट, तर आमाबाट हराएर); चित्रणको रुपमा, फेरि जन्माउनु : (ग्रीक–हिब्रु शब्दकोष) एउटै शब्द यि पदहरुमा छन् : यूहन्ना १:१३, ३:३; १ यूहन्ना २:२९; ५:१,१८ र पहिलो वा प्राकृतिक जन्मको बारेमा जनाइएको छ ।
- जसको नाम जीवनको प्ुस्तकमा लेखिएको छैन
  - “पशू” को आराधना गर्नेछन् प्रकाश १३:८; १७:८
  - “आगोको कुण्डमा फालिने” छन् प्रकाश २०:१५
  - नयाँ यरुशलेम : तर थुमाका जीवनको पुस्तकमा नाउँ लेखिएकाहरूबाहेक कुनै अशुद्ध कुरा, घृणित काम गर्ने र झूट बोल्नेत कुनै किसिमले पनि त्यअसभित्र पस्नेधछैन। प्रकाश २१:२७

**ख. र उहाँको सन्तानहरुलाई छुटकारा दिन र उनीहरुको पापबाट क्षमा गर्न... पापको न्यायको लागि पवित्र परमेश्वरको न्यायी मागहरुलाई पुरा गर्न येशू ख्रीष्टले क्रुसमा आफ्नो रगत बगाउनुभयो ।**

हिब्रु ९: २४–२७ ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा **परमेश्वकरको सामु उपस्थितत हुनुभएको छ** (उहाँकोहरुका लागि)। येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दु:ख भोग्नुपर्नेथियो। तर

यस युगको अन्त्यमा **आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैँको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ**। जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यछसपछि इन्साफ,

हिब्रु २:१४, १७ किनकि **छोरा-छोरीहरू** मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, १७ यसैकारण **हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो**, र मानिसहरूका **पापको प्रायश्चित गर्नलाई** (पर्याप्त बलिदान) परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो।

परमप्रभु –उहाँको कोको हुन् भनि जान्नुहुने – जसले विश्वास गर्छ – वा यदि उनीहरुले सुसमाचारलाई सुनेर विश्वास गरे भने – **येशू ख्रिष्टको रगतले उनीहरुको पापलाई क्षमा गरेको छ । उनीहरु स्वर्गमा हुनेछन् ।**

ग.(१) जीवनको पुस्तकमा नाम लेखिनु र (२) उहाँको पुत्रको रगत बहाईद्धारा उहाँको सन्तानहरुलाई बचाउनलाई उहाँको पुत्रलाई पठाउनुभयो, सर्वशक्तिमान परमप्रभु परमेश्वर **असफल हुनुहुने छैन** ।

यद्यपी एक वा केहि सुसमाचार सुन्नु भन्दा पहिले नै मर्छ भने पनि परमप्रभुको इच्छा **पुरा हुनेछ** ।

२ तिमोथी २:१९ तर **परमेश्वरको दृढ जग खड़ै रहन्छ**, र त्यासमा यो **छाप** लागेको छ, **“प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ,”** र “प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढै रहोस्।”

१ पत्रुस ३:१८–१९ किनभने **हामीलाई परमेश्वरकहाँ ल्याउन** ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि **मर्नुभयो**। उहाँ शरीरमा मारिनुभयो– धर्मी जन अधर्मीहरूका निम्ति– तर आत्माद्वारा जीवित पारिनुभयो। १९ **यसै आत्मामा उहाँ जानुभयो र कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो।**

१ पत्रुस ४:६ यसैकारण **मृतकहरूलाई** पनि **सुसमाचार सुनाइयो,** ताकि तिनीहरूले मानिसहरूजस्तै शरीरमा इन्साफ पाए तापनि **आत्मामा तिनीहरू परमेश्वरजस्तौ जिऊन्।**

यसले मलाई निश्चित गराउदछ कि **उहाँकोहरुलाई** जसले सुसमाचार सुन्ने मौका पाएका थिएनन्, उनीहरुको नियन्त्रण बाहिरको कुराको लागि उनीहरुलाई **दण्ड दिइनेछैन** ।

घ. परमेश्वरको इच्छा पुरा हुनेछ :

उहाँ निरास, रुनु वा उहाँको हातहरु डुबाउनु हुनुहुने छैन किनकी उहाँको एक सन्तानले पुरा गर्न नसक्काले ।

यूहन्ना १८:९**"तपाईंले मलाई दिनुभएकाहरूमध्ये एउटालाई पनि मैले गुमाइनँ" भनी उहाँले भन्नुभएको वचन पूरा होस् भनेर यो भयो।**

यशैया १४:२४ सर्वशक्तिमान् परमप्रभुले यसो भनेर **शपथ खानुभएको छ, "जो योजना मैले बनाएको छु, त्यो निश्चय नै पूरा हुनेछ। जो अभिप्राय मैले गरेको छु, त्यो स्थिर रहनेछ।**

यशैया ४६:९–११ अघि-अघिका पुराना कुराहरूलाई सम्झ। **म परमेश्वर हुँ,** र अरू कोही छैनँ। म परमेश्वर हुँ, मजस्तै अरू कोही छैन। १० **आदिदेखि अन्तसम्मको,** र प्राचीन समयदेखि हुन आउनेसम्मको जानकारी म दिन्छु। **म भन्छु: मेरो अभिप्राय ठहर्नेछ, र मैले चाहेको सबै पूरा गर्नेछु।** ११ पूर्वबाट म शिकारी पन्क्षी बोलाउँछु, र टाढ़ा देशबाट मेरो अभिप्राय पूरा गर्न म एक जना मानिसलाई बोलाउँछु। **मैले जे भनेको छु, त्यो म गर्नेछु। मैले जे योजना बनाएको छु, म त्यो गर्ने नै छु।**

यशैया ५५:११ त्यसरी नै मेरो मुखबाट निस्कने **मेरो वचन** पनि हुनेछ। **त्यो मकहाँ व्यर्थै फर्कनेछैन, तर मैले इच्छा गरेको काम त्यसले पूरा गर्नेछ, र जुन कामको निम्ति म त्यलाई पठाउँछु, त्यसमा त्यो सफल हुनेछ।**

भजनसंग्रह ३३:११ **तर परमप्रभुका योजनाहरू सदा स्थिर रहन्छन्,** उहाँको हृदयका विचार पुस्तौँसम्म रहिरहन्छन्।

यूहन्ना ६:३९ र मलाई पठाउनुहुनेको **इच्छा यो हो, कि उहाँले मलाई दिनुभएकाहरूमध्ये कसैलाई पनि म नगुमाऊँ,** तर तिनीहरूलाई अन्त्य को दिनमा जीवित पारूँ।

एफिसी १:११ उहाँमा, जसले सबै कुरा **आफ्नो इच्छाको योजनाअनुसार** पूरा गर्नुहुन्छा, **आफ्नो अभिप्रायअनुसार** १२ हामी (जसलाई उहाँले चुन्नु भएको छ पद ४) ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो  महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ।

याकुब १:१८ **उहाँले आफ्नैर इच्छाले** सत्य को वचनद्वारा हामीलाई जन्म दिनुभयो, यस हेतुले कि हामी उहाँको सृष्टिको एक अगौटे फलजस्तो बन्न सकौं।

यहूदा २४ अब, **जसले** तिमीहरूलाई पापमा फस्नुदेखि बचाउन सक्नुहुन्छ, र जसले **तिमीहरूलाई** आनन्दसहित उहाँकै महिमाको **सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ,,** २५ उही एकमात्र परमेश्वचर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व,, पराक्रम र अधिकार युग-युग पहिलेदेखि आज र सदासर्वदा भइरहोस्। आमेन।

यदि कसैले यो शिक्षालाई लिन्छ र भन्छ “मेरो पाप क्षमा भएको छ र म स्वर्गमा जानेछु तसर्थ म जे चाहे पनि गर्न सक्छु ।”

त्यसो भए दुई चुनावहरु छन् :

१.उ चुनिएको हो र उ परमप्रभुको एक सन्तान हो तर परमेश्वरको मार्गहरु र परमप्रभुले उसको लागि के गर्नु भएको छ केहि पनि उसलाई **थाहा छैन वा केहि मात्रामा मात्र थाहा छ** । तसर्थ **परमप्रभुको लागि उसको प्रेम थोरै छ** । (१ कोरन्थी १:१–३)

र उसले महशुश गर्दैन कि उसले जब **उसले पाप गर्छ** उसले **शैतान**लाई ढोका खोल्छ र त्यसले उसलाई धेरै दु:ख र कष्ट दिनलाई **आक्रमण** गर्न अनुमति दिन्छ । (यूहन्ना ५:१४) तर अझै पनि उसँग अनन्त मुक्ति छ ।

२. उ **चुनिएको छैन** र वास्तवमा परमप्रभुको सन्तान होइन र तसर्थ उसमा **येशूको लागि प्रेम हुदैन** र तसर्थ परमप्रभु मन पर्दो जीवन जिउनलाई **प्रेरित हुदैन** ।

यूहन्ना १४:२३-२४ येशूले तिनलाई जवाफ दिई भन्नुभयो, **"जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ,** र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं। २४ **मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन**। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो।

मत्ती ७:१९-२० **असल फल नफलाउने** हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ। २० यसरी ती **अगमवक्ताहरूलाई तिनीहरूका फलबाट चिन्नेछौ।**